# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:२०८०।०८१
चलानी नं.:

मिति-२०८०/०९/०३

## अनुदानका कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति २०८०।०९।०३ गते

वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८०।०८१ मा प्रदेश सरकार शसर्त अनुदान तर्फको तपशिलमा उल्लेखित कार्यक्रम स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपंछी बिकास कार्यक्रम संचालन कार्यबिधि, २०८० अनुसार संचालन गरिने भएकोले कार्यक्रममा सहभागी हुन इच्छुक कृषक,कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उपभोक्ता समिति/निजी उद्दमी/कम्पनीहरुले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५ दिन (२०८०/०९/१७ गते) भित्र प्रस्तावना फारम भरी तोकिएका कागजात सहित नगरपालिकामा निवेदन पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

तपसील

| क्र.सं | कार्यक्रमको नाम | मापदण्ड | अनुदान सिमा | कैफियत |
|---|---|---|---|---|
| १ | बसन्ते मकै प्रवर्द्धन कार्यक्रम (वडा नं ८) | निजीको हकमा कम्तिमा १० कठ्ठा र कृषक समूह/सहकारी/समितीको हकमा कम्तिमा ५ हेक्टरमा मकै खेती गर्नु पर्ने | १.बीउ यन्त्र उपकरण तथा उत्पादन सामाग्रीमा ५० प्रतिशत<br>२. निजी पुर्वाधार निर्माणको हकमा कुल लागतको ५० प्रतिशत र सामुहिक पुर्वाधार निर्माण तर्फ ७५ प्रतिशत | वडा नं. ८ बाट मात्र पेश गर्न पाईने |
| २ | साना सिचाई कार्यक्रम भेडुवा कुलो बाणगंगा-२, बाणगंगा -५ भचना-सातमुहान र बाणगंगा ६ | निजीको हकमा कम्तिमा १० कठ्ठा र सामुदायिकको हकमा कम्तिमा २.५ हेक्टर सिंचित क्षेत्र बिस्तार गर्नु पर्ने | १.पुर्वाधार निर्माणको हकमा कुल लागतको ७५ प्रतिशत र अन्यमा ५० प्रतिशत<br>२. निजीको हकमा प्रति आयोजना अधिकतम रु. १ लाख ५० हजार | तोकिएका वडाबाट मात्र पेश गर्न पाईने |
| ३ | कृषि उपज भण्डारणको लागि कोल्ड च्याम्बर स्थापना (वडा नं २) | कम्तिमा ८ मे. टन. क्षमताको कोल्ड च्याम्बर निर्माण गर्नु पर्ने | निजी फर्मको हकमा कुल लागतको ५० प्रतिशत र समूह/सहकारी/समितिकोको हकमा अधिकतम ७५ प्रतिशत | वडा नं. २ बाट मात्र पेश गर्न पाईने |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सुचिकृत भएको)।
२. कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/उपभोक्ता समिति/निजि उद्दमी/कम्पनीहरु निर्णय प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस पत्र।
४ सहकारी संस्था/ कृषि फर्म/कम्पनीको हकमा लेखा परिक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. भाडाको जग्गा भए सि .नं ३ को लागि कम्तिमा १० वर्ष र अन्यको लागि ५ वर्षको सम्झौता पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. प्रतिबद्धता पत्र
९. रु.२०० राजश्व तिरेको रसिद।

**नोट:-** स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपंछी बिकास कार्यक्रम संचालन कार्यबिधि, २०८० यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

**पुनश्च:** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समितिको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

२०८०।९।३
निमित्त प्रमुख प्रशासकीय अधिकृत

इमेल: bangangamun@gmail.com वेभसाइट:www.bangangamun.gov.np सम्पर्क नं:०७६-५५०३८३